जि.प्र.का.द.नं. : ४८/२०७३/०७४
जि.हु.द.नं. : ३/२०७४/०७५

साप्ताहिक

# जननिगरानी

व्यवसायीक पत्रकारीता लोकतन्त्रको आधार,
सम्वृद्ध र विकासको साझेदार

Jananigrani Weekly








वर्ष ६, अंक ४६ बैशाख २४ गते आइतबार २०८०, 7 May Sunday 2023 नेपाल सम्वत ११४३, पृष्ठ ६ मूल्य रू. ८।-


# नयाँ पुस्ताले नसिक्दा संकटमा परम्परागत सिप

**जननिगरानी संवाददाता**
**बागलुङ**



बागलुङ काठेखोला गाउँपालिका-६ का दिलबहादुर परियारको कपडा सिलाउने र चोयाका सामग्री निर्माण तथा विक्रीबाट परिवार पाल्नुभयो ।

गाउँका वनपाखामा पाईने निङ्गालो तथा बाँसबाट चोया काढेर त्यसबाट घरेलु प्रयोगका सामग्री डोका नाम्ला, थुन्से विक्री गर्नुहुन्थ्यो । चोयाका सामग्री विक्रीबाट आउने पैसाले परिवार जसोतसो चलेकै थियो ।

उहाँको जीवन धान्न सहयोग पुगेको परम्परागत सिप युवा पुस्ताले सिकेनन् । छोरा नाती हुर्के पछि सहर बजार ताके । विदेश पुगे । परियार पछि कुनै पनि पुस्ताले चोयाका सामग्री निर्माण गर्ने सिप सिक्न चाहेनन्, । 'अहिलेकाले एकै पटक ग्याम्म पैसा आउने काम चाहिन्छ' परियारले भन्नुभयो-'मेरा पनि आँखा बस्न थाले, म पछि यो सिप र पेसा दुवै लोप हुन्छ ।' चोयाबाट घरायसी प्रयोजनका लागि चाहिने डोको, नाङ्लो, भकारी, थुन्से र डालीहरु बुन्छन् । यी सबै सामग्री बनाउने सीप उहाँसग छ । आफ्नो परिवार र छरछिमेकमा पुग्ने डोका नाम्ला बन्नु परियारलाई जाँगर नै चल्छ । पहिले जस्तो ठुलो मात्रमा विक्री गर्ने उद्देश्यले बनाउन नसक्ने अवस्थामा पुगेको परियारले बताउनुभयो ।

**उहाँको जीवन धान्न सहयोग पुगेको परम्परागत सिप युवा पुस्ताले सिकेनन् । छोरा नाती हुर्के पछि सहर बजार ताके । विदेश पुगे । परियार पछि कुनै पनि पुस्ताले चोयाका सामग्री निर्माण गर्ने सिप सिक्न चाहेनन्, ।**

उमेरले ६८ बर्ष पुग्नुभएका परियार अझै पनि घर नजिकका खरवारीमा पुगेर निङ्गालो, बाँस काटेर घरेलु सामग्री तयार गर्न तल्लिन हुनुहुन्छ । 'मल बोक्ने, पानी बोक्ने र घाँस काट्ने डोकोको माग धेरै हुन्छ' उहाँले भन्नुभयो-'म बुढोले माग पुऱ्याउने कठिन भएको छ । छोरा नातीले उक्त सिप सिक्ने इच्छा व्यक्त नगरेको परियारको भनाई छ ।

परियारको उमेर समुहका गाउँका अधिकांश जेष्ठ नागरिकमा यस्तो सीप छ । पहिले घरका लागि आफै चोयाका सामग्री तयार गर्नेहरु अहिले कम छन् । पछिल्लो समय बिक्रीका लागि समेत चोया सामाग्री तयार हुन्छन् । सीप भएका सबैले अहिले डोका, डाला बुन्दैनन् ।

दिलबहादुर हिउँद बर्खामा खेतबारीको कामबाहेक फुर्सदको समयमा चोयासँगै लड्छन् । दिनभरीमा तीन वटासम्म डोका तयार गर्ने परियारले चोयाकै सामग्रीबाट आम्दानी गर्नु हुन्छ । अझै पनि डोका नाम्ला बेचेको र वृद्धा भत्ताले सजिलैसँग घर चलेको परियारले सुनाउनु भयो । एउटै डोकाको मुल्य गाउँमा चार सयदेखि आठ सय छ ।

परियारले जस्तै बागलुङको जैमिनी नगरपालिका-३ दमेकका ५७ बर्षिय सूर्यबहादुर पुनले चोयाकै सामग्री तयार गरी जीवन निर्वाह गर्नुभयो । २०/२५ बर्ष पहिलेसम्म त उनको आम्दानीको मुख्य स्रोत नै चोयाका सामग्री थिए । दमेकमा तयार भएका चोयाका सामाग्री स्याङ्जा र रुपन्देहीसम्म पुग्थे । भरिया लगाएरै डाला, नाङ्ला,


.............बाँकी ६ पेजमा


# श्री मेहर गणलाई अर्ना जेसिज कपको उपाधि

**जननिगरानी संवाददाता**
**बागलुङ**




प्रथम अर्ना जेसिज कप २०२३ फुटबल प्रतियोगिताको उपाधि नेपाली सेनाको श्री मेहरगण घोडाबाधे व्यारेकले जितेको छ ।

बागलुङ जेसिजले आयोजना गरेको प्रतियोगिताको फाइनल खेलमा शुक्रबार श्री मेहर गणले बीर गोर्खाली युवा क्लबलाई १-० गोलअन्तरले पराजित गर्दै उपाधि चुमेको हो । श्री मेहरलाई उपाधि दिलाउनको लागि खेलको ३० औं मिनेटमा कप्तान पितम्बर घर्ती मगरले गरेको गोल नै निर्णय बन्यो । बीर गोर्खालीका गोलकिपर अफ्रिन खेलाडी कौसाइ अगाडी बढेको अवस्थामा प्रकाश निरौलाले दिएको पासलाई कप्तान घर्तीले सदुपयोग गर्दै गोल गरेको थिए ।

त्यस अगाडी खेलको २३ औं मिनेटमा बीर गोर्खालीले अग्रता बनाउने मौका गुमाएको थियो । बीर गोर्खालीका मिलन साङत्यानले डिबक्स बाहिरबाट प्रहार गरेको बललाई श्री मेहरका डिफेन्डर खुम कटुवालले गोललाइनबाट बचाएका थिए । खेलको २४ औं मिनेटमा श्री मेहरका दिशान्त राईको उत्कृष्ट कर्नरबललाई बीर गोर्खालीका गोलकिपर कौसाइले बचाए ।

पहिलो हाफमा १ गोलले पछि परेको बीर गोर्खालीले दोस्रो हाफमा गोल गर्ने अवसर पाएपनि खेर फालेको थियो । खेलको ६६ औं मिनेटमा बीर गोर्खालीका निश्चल बस्नेतको हेडिङ प्रहार श्री मेहरका गोलकिपर विप्लप गुरुङले बचाएभने ७३ औं मिनेटमा पेनाल्टी बक्सबाट मिलन साङत्यानको प्रहार पोष्ट माथिबाट बाहिरियो ।

उपाधि जितेको श्री मेहर गणले नगद १ लाख ५० हजार र उपविजेता बीर गोर्खाली युवा क्लबले ७५ हजार, ट्रफी र मेडल प्राप्त गरेका छन् ।

प्रतियोगितामा बिधागत पुरस्कार तर्फ बीर गोर्खालीका खेलाडीहरुको बर्चश्व रह्यो । प्रतियोगिताको बीर गोर्खालीका कप्तान संजिव अर्याल सर्वोत्कृष्ट खेलाडी, सशिल थापा मगर उत्कृष्ट स्ट्राइकर, एलेक्स उत्कृष्ट


.............बाँकी ६ पेजमा






**Dhaulagiri Modern**
**& Midari Language Institute**
Ba.na.pa.-2, Baglung

**हाम्रो सेवाहरु**

- Bridge Course
- लोकसेवा आयोग
- Computer Course
- सिप मुलक तालिम
- English Language
- जापानिज भाषा
- IELTS Class
- कोरियन भाषा

- दक्ष तथा अनुभवि प्रशिक्षकद्धारा अध्यापन गराईने ।
- स्वच्छ, शान्त, विद्यार्थी मैत्री वातावरणमा अध्यापन गराईने ।
- समय समयमा सम्बन्धित विशेषज्ञद्धारा सेमिनार गराईने
- स्वच्छ पिउने पानीको व्यवस्था ।
- विद्यार्थीहरूको लागि होस्टलको व्यवस्था ।
- प्रत्येक कक्षामा सि.सि. क्यामेराको व्यवस्था ।
- माध्यमबाट अध्यापन गराईने ।
- हरेक विषयको हेन्डस्आउट उपलब्ध गराउने ।

सम्पर्क नं.: ०६८-५२२६६७, ९८४६७९८८९७, ९८५७६७१४९५, ९८५७६३५०४१

के तपाई स्टुडेन्ट भिजामा जापान जाने चक्करमा हैरान हुनुभस्को छ ?
के तपाईले जापान जाने चक्करमा थुप्रै लगानी गर्नुभस्को छ ?
यदि त्यस्तो हो भने तपाईको जापान जाने सपना साकार पार्न हामी सघाउँछौं ।

**Subarashii Language Institute**

**हाम्रा विशेषताहरू:** काठमाडौं र पोखराको सफलतापछि अब बागलुङ बजारमा



- ✔ एस एल सी वा सो भन्दा माथिका स्टुडेन्टहरुको सजिलै अप्लाई गर्न सकिने ।
- ✔ तपाईले रोजको शहर तपाईले रोजेको कलेजमा अप्लाई गर्न सकिने
- ✔ अप्रिल, जुलाई, अक्टोबर तथा जनवरी चार वटै ईन्टेकमा अप्लाई गर्न सकिने ।
- ✔ प्लस टु वा प्लस टु पछि ग्याप भएको तथा जुनसुकै डिभिजनको स्टुडेन्टलाई पनि सजिलै अप्लाई गर्न सकिने
- ✔ न्युन खर्चमा अप्लाई गरिने । ✔ अनुभवी प्रशिक्षक द्धारा अध्यापन गराईने ।

**शुभरासी ल्याङगुयज ईन्सचिच्युट**


धौलागिरी चोक बागलुङ, (पञ्चकोट सुनचाँदि पसलको अगाडि)
सम्पर्क फोन नं. ०६८५२०३७३, ०६८५२०४५८, ९८४६८०७८७४, ९८४६८०३५००

**तपाईको जापान जाने सपना, हाम्रो सपना**
**तपाईको सपना साकार पार्ने जिम्मा अव हाम्रो काँधमा**

गुहेली सञ्चार सहकारी संस्था लिमिटेडद्वारा संचालित जननिगरानी साप्ताहिक

अध्यक्ष: खिमबहादुर कार्की
सम्पादक: नविन शिशिर वि.क.
अतिथि सम्पादक: दिल शिरीष
सह-सम्पादक: अर्जुन कार्की
कार्यालय: काँठेखोला गाउँपालिका-२, भीमापोखरा
सम्पर्क कार्यालय: बागलुङ नगरपालिका-२, बागलुङ
फोन नम्बर: ०६८-५२२०२४, ९८५७६२०३००, ९८५७६२५५५०
इमेल: Jananigrani.bgl@gmail.com
मुद्रण: नमुना छापाखाना,
बागलुङ नगरपालिका-३, बागलुङ

# तन्त्र: अन्तरतम ऊर्जाको जागृति




केही समयअघि मैले सामाजिक सञ्जालमा तन्त्रसम्बन्धी केही किताबहरुको तस्बिर राखेकी थिएँ । त्यसबेला त म किताब पढ्न नै व्यस्त थिएँ । पछि पनि ती तस्बिरहरुमा प्रतिक्रिया र टिप्पणी आइरहेका रहेछन् । मैले सबैजसो प्रतिक्रियाहरु हेरें । ती किताबहरुको तस्बिरमा आएका केही प्रतिनिधि प्रतिक्रिया यस्ता थिए- किन मान्छे मार्ने विद्यातिर लागेको ?, तन्त्र पढेर तपाईंले अब फू गरेर मान्छेलाई उडाइदिने होला हैन ? ओहो ! यस्तो विद्या पढ्न लाग्या ? अब तपाईंदेखि डराउनुपर्ने भो । तन्त्रको साधना नै गर्न लागेको हो र ?, सन्यासी बन्न लाग्या ? अघोरीको विद्या, आदि आदि ।

सामाजिक सञ्जालमा आएका यी सबै प्रतिक्रियाका बुझाइको आधार थियो- तन्त्र भनेको चमत्कार, वशीकरण, झारफुक हो ।

आखिर तन्त्र भनेको के हो ? वशीकरण, झारफुक र चमत्कार नै तन्त्र हो त ? त्यसो भए नेपाललाई तन्त्रले बनेको देश भनेर किन भनिएको होला ? अनि तन्त्रसँग जोडिएर आउने अघोर, नाथ र गोरख शब्दको अर्थ अहिले हामीले बुझे जस्तै हो ? यस आलेखमा तन्त्रबारे यिनै प्रश्नको जवाफको खोजी गरिनेछ ।

**सर्वप्रथम तन्त्र भनेको के हो ? त्यो हेरौं-**

तन्त्रलाई बुझ्न मन्त्र र यन्त्रलाई पनि एकैसाथ बुझ्नु जरुरी छ । किनकि मनुष्य जुनीमा मात्र यन्त्र र मन्त्र पार भएर तन्त्रसम्म पुग्ने क्षमता छ । जसलाई चेतनाको तीन तह र आयाममा बाँडिएको छ । बाहिर देखिँदा हाम्रो शरीर एउटा भौतिक शरीर देखिन्छ । तर, भौतिक शरीर, मानसिक शरीर र ऊर्जा शरीर गरेर तीन शरीर मिलेर एउटा सिङ्गो शरीर बनेको हुन्छ । जसलाई स्थुल शरीर (जल र माटो) सूक्ष्म शरीर (वायु र अग्नि) र कारण शरीर (आकाश) भनिन्छ (श्रीमद्भगवत गीता, अध्याय १५,८) ।

**अब यी तीन शरीरले कसरी काम गर्छ ? त्यो हेरौं-**

भौतिक शरीर सबैभन्दा बाहिरको स्थुल शरीर हो । यस स्थुल शरीरले मनको निर्देशनमा काम गर्छ । मान्छे ब्रह्माण्डको कृतिभन्दा पहिलाको (प्रि-क्रिएसन) शक्तिले बनाएको एक यन्त्र नै हो । त्यसैले यसले गर्ने कार्य यान्त्रिक हुन्छ । मान्छेले बनाएको मेसिनले जसरी कसैको निर्देशनमा काम गर्ने भएको हुनाले भौतिक शरीरलाई यन्त्र भनिएको हो । त्यसकारण वशीकरण या मैथुन यान्त्रिक कृत्य हो, जो स्थुल शरीरले गर्छ ।

भौतिक शरीरभित्र अर्को मानसिक शरीर हुन्छ । मानसिक शरीर दृश्यमा हुँदैन । तर, यो भौतिक शरीरभन्दा शक्तिशाली हुन्छ । यो विचार या मनका तरङ्गबाट चल्छ । भनिएको छ, मन्त्राणा इति मन्त्र: अर्थात् मनबाट नियन्त्रित शक्ति । मनबाट नियन्त्रित हुने भएर नै मान्छेलाई मनुष्य भनिएको हो । मनबाट हुने कार्य मन्त्रिक या मनोवैज्ञानिक हुन्छन् । प्रेम, करुणा, रिस, आक्रोश मन्त्रका उपज हुन् । मनमा निरन्तर दोहोरिइरहने संकल्पको प्रकट रुप मन्त्र हो । भौतिक जगतमा मात्र विश्वास गर्नेले मन्त्रको प्रभावलाई हत्पती पत्याउन सक्दैनन् । तर, मानिसको जीवनमा संकल्पको ठूलो महत्व छ ।

त्यस्तै मनभन्दा पनि सूक्ष्मतम सबैभन्दा शक्तिशाली रहेको शरीर तान्त्रिक शरीर हो । यसलाई ऊर्जा शरीर पनि भनिन्छ । भौतिक देह र मनभन्दा पर पराभौतिक अवस्था जहाँ दुई शून्यताको मिलन हुन्छ, त्यो नै तन्त्र हो । आत्मतत्वलाई स्वीकार गर्न अनाकानी गर्नेहरुले भौतिकबाहेक कुनै तत्व हुन्छ भन्ने मान्दैनन् । उनीहरु यस्तो ऊर्जा वा आत्मा भए देखाउ भन्छन् । तर, आत्मतत्व देखिंदैन । यसका परिणामहरु भने देखिन्छन् । आधुनिक विज्ञानमा इलेक्ट्रोन देख्न नसकिए जस्तै हो । हामी विद्युतीय तारहरु देख्न सक्छौं । तर, त्यसमा बगेको विद्युत देख्न सक्दैनौं । त्यही विद्युतीय ऊर्जाबाट बलेको ग्लोव, बजेको रेडियो वा चलेको टेलिभिजन भने देख्न सक्छौं । अब यसलाई यसरी बुझ्दा सहज होला- शरीर र मन तिरोहित (टुटेर) भएर जुन ऊर्जामा शरीर सक्रिय हुन्छ त्यो नै तन्त्र हो । यही अक्षय तत्वलाई अध्यात्मले नै ब्रह्म भनेको छ (श्रीमद्भागवद् गीता अध्याय-८, श्लोक ३) । संस्कृतमा भनिन्छ- 'तनु त्रायते इति तन्त्र' अर्थात् जसले यो शरीरलाई आत्मासँग लगेर जोड्छ त्यही तन्त्र हो । यसैलाई यौगिक भाषामा, संयोगो योगो इत्युक्तो जीवात्मा परमात्मन: भनिएको छ । अर्थात् जीवात्मा र परमात्मा एकाकार हुनु नै योग हो । त्यही तन्त्र हो । त्यही अध्यात्म हो ।

खासमा तन्त्रलाई शिवशास्त्र भनिन्छ । शिव भनेको निराकार पराभौतिक (अध्यात्मिक) तत्व हो । त्यो नै तन्त्र या अध्यात्म हो । यसैलाई बुद्धले अनाहद नाद भने (बुद्ध, ५६३-४८३, ईपू) । जसरी बिजमा सिंगै रुख छिपेको हुन्छ त्यसरी मान्छेमा तान्त्रिक (कस्मिक पावर) शक्ति छिपेको हुन्छ । यही शक्ति जान्नु नै अध्यात्म हो । यही अदृश्य शक्ति बाहिर निकाल्ने साधनालाई योग साधना भनिन्छ । जसमार्फत् कुण्डलिनी शक्ति जागरण गराउँदै ऊर्जा शरीरसम्म प्रवेश गराइन्छ । समग्रमा भन्दा तन र मनबाट पनि पार भएपछि समयातीत अवस्थाको खोज नै तन्त्रको अध्ययन हो । यही अज्ञात परम तत्वको खोज या यस ब्रह्माण्ड निर्माणमा जुन अधिशक्ति (एप्सुलेट पावर) ले काम गरेको छ, त्यसको खोज नै अध्यात्म हो । समग्रमा भन्दा पदार्थ जान्नु ज्ञान भए जस्तै त्यसभित्र गएर स्वयंलाई जान्नु आत्मज्ञान हो ।

यसरी यन्त्र, मन्त्र र तन्त्र तीन तहमा हाम्रो शरीरभित्र काम भैरहेको हुन्छ । हरेक काम गर्दा मान्छे यन्त्रबद्ध, मन्त्रबद्ध या तन्त्रबद्ध कुन अवस्थामा रहेर गर्दैछ, त्यसै आधारमा एउटा मुढ मान्छेको चेतनास्तर ज्ञानी, अज्ञानी, मुमुक्षु आदि (श्रीमद्भगवद् गीता, अध्याय ९, श्लोक ३४ ) अवस्थामा तयार हुन्छ ।

साधकहरु यस साधनाबाट भक्ति, सिद्धि र मुक्ति गरी तीन अवस्थामा आफूलाई राखेर जीवन व्यतित गर्छन् । भक्त हरेक एक जना बन्नसक्छ । साधनाबाट सिद्धि प्राप्त गर्ने कम हुन्छन् । अनि मुक्तिको अवस्थामा पुग्ने एकदमै न्यून । हामीले कल्पना गर्नमात्र सक्ने कुराहरु सिद्धि प्राप्त गरेकाहरुले काम नै गरेका त्यस्ता कथाहरु हामीले सुन्दै आएका छौं । त्यस्ता एक सिद्धक हुन्, नेपालका गुरुहरुसँग बसेर पढेका तिब्बतका सिद्धक मिलरेपा । जो बाउ मरेपछि काकाले सबै सम्पत्ति हड्पेर निकालिएका हुन्छन् । उनी लामो समय ठाउँ-ठाउँमा डुलेर साधना गर्छन्, अध्ययन गर्छन् । त्यही बीचमा आमा र बहिनीको पनि मृत्यु हुन्छ । अन्त्यमा उनी सिद्धि प्राप्त गर्छन् । तर, उनमा काकाले गरेको अपहेलनाको आगो निभेको हुँदैन । त्यसैले उनले आफ्नो साधनाबाट प्राप्त शक्ति प्रयोग गरेर काकाको घरमा विवाह हुन लागेको राति काकाको घर वरिपरि भारी असिना वर्षाएर ८० जनालाई एकै ठाउँ मारिदिन्छन्५ जसको व्याख्या तिब्बतमे बौद्ध धर्ममा उल्लेख छ भने मिलरेपा लेखिएको साइटमा पनि हेर्न सकिन्छ ।

यस हिमवतखण्ड मानव समाज विकासको सुरुदेखि नै तन्त्र शक्तिको ज्ञानबाट नै चलिरहेको थियो । र, आजसम्म अनेकौं काम यसैमार्फत भए । प्राचीन नेपालमा तन्त्रकै शक्तिका आधारमा सोच्नै नसकिने काम भएका छन् । त्यसबेला यहाँ मिलरेपा जस्ता साधकहरु धेरै नै थिए ।

तन्त्र साधना र प्रयोग सबैभन्दा धेरै लिच्छवी र मध्यकालमा भएको देखिन्छ । त्यसैबेला निर्माण गरिएको भक्तपुरलाई शंखाकार, ललितपुर स्वस्तिकार र कान्तिपुर खड्गाकारमा विकास गरिएको छ । जसमा कुनाकुनामा अष्टमातृकाहरुको निर्माण गरिएको छ । यसले त्यो बेलाको नेपालमा मातृशक्तिको पूजामात्र होइन, तन्त्रको प्रयोग गरेर शक्तिपीठको निर्माण भएको प्रस्ट हुन्छ । नेपालमा अहिले देखिने त्यसबेला बनेका कलात्मक मन्दिरदेखि दरवारका भव्य भवनहरु अजङ्गका ढुङ्गा राखेर बनाइएका थिए । त्यसको उदाहरण हो काठमाडौंको

.............बाँकी ६ पेजमा

## सम्पादकीय

# नेपाली क्रिकेटले मारेको फड्को

पछिल्लो तीन महिनामा नेपाली क्रिकेटले ठूलो सफलता हात पारेको छ । नेपाली पुरुष क्रिकेट टिमले पछिल्लो तीन महिनामा एकदिवसिय विश्वकप छनोटमा सोझै स्थान बनाउन र एसिया कपमा छनोट भएको छ । यस्तै अण्डर १९ पुरुष क्रिकेट टिम विश्वकपमा छनोट भएको छ । उमेर समुह र सिनियर टिमले एक पछि अर्को सफलता हात पार्नुमा मुख्यत खेलाडीहरू, प्रशिक्षक, टिम व्यवस्थापक सहितको टिमको मुख्य भुमिका रह्यो । नेपालमा क्रिकेटको लागि राम्रो भौतिक संरचना नभएपनि नेपाली खेलाडीहरूले एक पछि अर्को सफलता हासिल गर्नुले पछिल्लो समय क्रिकेट प्रति नयाँ खेलाडीहरूको आर्कषण समेत बढेको छ । गत बैशाख १९ गते मंगलबार नेपालको सिनियर टिमले युएईलाई पराजित गर्दै एसिया कपमा छनौट भएपछि नेपाली क्रिकेट टिमको चर्चा नेपालमा मात्र नभई क्रिकेटका मुख्य हस्ती मानिएका भारत, पाकिस्तान, बंगलादेश लगायतका देशमा समेत भएको छ । नेपालको सिनियर टिमले पहिलो पटक ओडिआईको नम्बर एक टिम क्रिकेटको महारथि पाकिस्तान र भारतसँग खेल्न पाउने भएको छ । यसले नेपाली खेलाडी र नेपाली दर्शकलाई उत्साहित बनाएको छ । २०१४ मा पहिलो पटक टि-२० विश्वकप खेलेको नेपालको त्यसपछिको ठूलो खेलको रूपमा एसिया कपलाई लिइएको छ ।

तीन महिना अगाडी नेपालको क्रिकेट एक दिवसीय मान्यता जोगाउन हम्मे हम्मे परेको थियो । पछिल्लो केहि वर्षमा लगतार प्रशिक्षकहरू परिवर्तन गरिरहेको नेपालले विश्वकप छनोटमा सोझै पुग्ने सपना सोच्नु भन्दा पनि एक दिवसीय मान्यता जोगाउन नै हम्मे-हम्मे परिरहेको थियो । नेपाली टिम लगातार पराजित भएपछि क्रिकेट एसोसियसन अफ नेपाल (क्यान)ले भारतिय प्रशिक्षक मोन्टि देशाईलाई नयाँ प्रशिक्षकको रूपमा अनुबन्धित गरेको थियो । देसाई आउनु अगाडि नेपाललाई एक दिवसीय मान्यता जोगाउन वर्ल्ड क्रिकेट लिग-२ का बाँकी १२ खेलमध्ये ८ खेल जित्नुपर्ने थियो । यसअघिका ८ खेलमा मात्र २ खेल जितेको नेपाली टिमको आत्मविश्वास पातालमा थियो । नेपालमै आयोजना हुने अर्को प्रतियोगिता एसीसी प्रिमियर कपको बिजेता हुँदै एसिया कपमा भारत, पाकिस्तान, बंगलादेश, श्रीलंकासँग खेल्ने कुरा त झन् सगरमाथा चढ्ने जत्तिकै कठिन थियो । तर मोन्टी देसाईको 'वान बल ब्याटल' र 'ह्याप्पि ड्रेसिङ रूम' सिद्धान्तले नेपालले वर्ल्ड क्रिकेट लिग-२ का १२ मध्ये ११ खेलमा विजयी भएर एक दिवसीय मान्यता मात्र जोगाएन इतिहासमै दोस्रोपटक क्रिकेट वर्ल्डकप छनोटमा स्थान बनायो । नेपालले एसिसि प्रिमियर कप समेत जितेर मुर्झाएको नेपाली क्रिकेटमा आशाको दिप बलेको छ । पछिल्लो समय नेपालले जित्न सकेको छ । भारत, पाकिसन जस्ता क्रिकेटका महारथीसँग खेल्ने हाम्रो क्षितिज पारीको सपना अचानक विपना भएको छ ।

सिमित स्रोत र साधनका बाबजुत नेपालले एकपछि अर्को सफलता हात पार्नुले नेपाली खेलाडीमा क्षमता रहेको र अवसर पाएमा अझै राम्रो गर्न सक्ने देखिन्छ । नेपालमा खेल जितेमा मात्र खेलाडीलाई हौसला दिने र पराजित भएमा गाली गर्ने र हौसला नदिने गरेको पाइन्छ । देशमा एउटा राम्रो क्रिकेट रंगशाला समेत छैन । पदकको आशा गर्ने हो भने खेलाडीलाई राम्रो सुविधा र सुविधासम्पन्न रंगशाला बनाउनुतर्फ सरकारले ध्यान दिनुपर्छ ।

## बागलुङका १० स्थानिय तहका प्रमुख र उपप्रमुखहरुको फोन नम्बर

### नगरपालिकाहरू

**बागलुङ नगरपालिका**
प्रमुखः बसन्तकुमार श्रेष्ठ
उपप्रमुखः राजु खड्का

**जैमिनी नगरपालिका**
प्रमुखः नर बहादुर पुन (९८६३०४१३५५)
उपप्रमुखः हरिहर शर्मा (९८५११५७९९१)

**गल्कोट नगरपालिका**
प्रमुखः भरत गैरे (९८५७६४०७५१)
उपप्रमुखः फमलाल निउरे (९८५७६४०७५२)

**ढोरपाटन नगरपालिका**
प्रमुखः देव कुमार नेपाली (९८५६०२६३३०)
उपप्रमुखः धन बहादुर कायत (९८४३५१२७५८)

### गाउँपालिकाहरू

**काठेखोला गाउँपालिका**
अध्यक्षः राजु थापा (९८५७६७७००१)
उपाध्यक्षः तेज बहादुर थापा (९८५११९६४९०)

**ताराखोला गाउँपालिका**
अध्यक्षः धन बहादुर बि.क (९८५७६६६११२६)
उपाध्यक्षः भिम बहादुर रोका (९८५७६६६११२७)

**बरेङ गाउँपालिका**
अध्यक्षः कृष्ण प्रसाद शर्मा (९८५७६२२५५१)
उपाध्यक्षः दिलिप कुमार पुन (९८५११७०४५८)

**बडिगाड गाउँपालिका**
अध्यक्षः गण्डकी थापा अधिकारी (९८५७६६६०९९)
उपाध्यक्षः भिमसेन वन (९८५७६६६१००)

**निसीखोला गाउँपालिका**
अध्यक्षः सुर्य बहादुर घर्ति (९८४६८३११११)
उपाध्यक्षः प्रेम बहादुर घर्ति मगर (९८५७६२८३११)

**तमानखोला गाउँपालिका**
अध्यक्षः जोकलाल बुढा (९८५७६२१२१९)
उपाध्यक्षः हिरा कुमारी छन्त्याल (९८६७६४३७९९)

## साप्ताहिक राशिफल

*मेषः मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । न्यायिक कार्यमा सफलता मिल्नेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ ।*

*बृषः बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्छ । शुभ समाचार सुन्न पाइने र शुभ कार्यको चर्चा चल्नेछ ।*

*मिथुनः आफन्त वा इष्टमित्रसँग पुनर्मिलनको योग पनि रहेको छ । जटिल ठानिएको काम समेत सम्पादन हुन सक्छ ।*

*कर्कटः सामाजिक प्रतिष्ठा कायम राख्न लगानी गर्ने समय आएको छ । आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ ।*

*सिंहः आफूले काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । महत्वपूर्ण अवसर गुम्न सक्नेछ ।*

*कन्याः अधुरा कार्य पूरा गर्न आफन्तबाट सहयोग मिल्नेछ । धर्म, विश्वास, आस्था र सद्भाव पनि बढ्नेछ ।*

*तुलाः सानातिना समस्यामा अल्झिनुपर्ने देखिन्छ । स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा अवसर पर्नसक्छ ।*

*वृश्चिकः नयाँ वस्त्र एवं अलंकारको प्राप्ति हुनेछ । महिला मित्रबाट राम्रो आश्वासन मिल्नेछ ।*

*धनुः शेयर बजारबाट पनि राम्रो सफलता मिल्नेछ । शुभ कार्यको चर्चा पनि चल्नेछ ।*


*मकरः शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । रमाइलो यात्रा हुने तथा मान सम्मान मिल्नेछ ।*

*कुम्भः राजनैतिक र सामाजिक प्रतिष्ठा कायम राख्न लगानी गर्ने समय आएको छ । नियमित खर्चसमेत बढ्ने योग छ ।*

*मीनः कूटनीतिक योग र बैदेशिक कार्यबाट शंसा मिल्नेछ । न्यायिक कार्यमा सफलता मिल्नेछ ।*


*-ज्यो.प. नारायणप्रसाद ढुलाल*

*स्रोतः हाम्रोपात्रो*



# काठेखोला गतिविधि

## पानीका मुल सुकेपछि मौलिक सम्पदा मासिए



जननिगरानी संवाददाता
बागलुङ

बागलुङको काठेखोला गाउँपालिका-१ पाला आरकोंटको सार्वजनिक जग्गामा चार वटा पोखरी छन् । चार पोखरी मध्ये एउटा पोखरामा मात्रै नियमित पानी हुन्छ । अन्य तीन वटामा कमिला हिड्ने अवस्था छ । कुनै बेला भैंसी आहाल राख्न झगडै गर्नुपर्ने आरकोर्ट क्षेत्र अहिले गोठालो जाने साथी पाउन मुस्किल हुन्छ ।

पोखरी माथिबाट सडक निर्माण भएपछि पानीको मुल सुके । पोखरीमा पानी आउन छोड्यो । सडक विस्तार भए पछि चार वटै पोखरीमा पानीको अभाव थियो गाउँलेहरुले चन्दा उठाएर सडक भन्दामाथि खोल्सामा भएको मुल व्यवस्थापन गरी पाइपमार्फत धारोसम्म पानी ल्याएका छन् । ३२ परिवारले प्रति घरधुरीबाट चार सय रुपियाँ चन्दा संकलन गरेर धारो निर्माण गरेको खत्रीको भनाई छ ।

पिउनको लागि पनि प्रयोग हुने गरी मुलको पानी व्यवस्थापन गरी पोखरी चिसो बनाई राखेको स्थानीय भूमीराज खत्रीले बताउनुभयो । एक दशक अघि चार वटै पोखरीमा भरिभराउन पानी हुन्थ्यो । 'पहिले चौरभरी गाईभैंसी, चौताराभरी गोठाला हुन्थ्ये' खत्रीले भन्नभयो-'अहिले मान्छे जति बजार झरे, गोठ रित्ता, पोखरी सुख्खा भएका छन् ।'

आरकोंटको पोखरीमा गाउँलेले भैंसीलाई पानी खुवाउने र आहाल खेलाउने गर्थे । चौतारीको छहारीमा स्थानीयले बसेर थकाई मार्थे । भैंसी पोखरीमा हुले पछि विश्राम गर्ने चौतारो जीर्ण बनेको छ । चौतारीका वरपिपल मासिएका छन् ।

जथाभाबी रुपमा निर्माण गरिएका सडकले पानीको मुल पुरिने र पोखरीको अस्तित्वनै संकटमा पर्दै गएको ६४ बर्षिय दिलबहादुर परियारले बताउनुभयो । बर पिपल संरक्षण गर्न छोडेपछि सितल प्रदान गर्ने छहारी पनि पाउनै मुस्किल पर्छ । पहिले गाउँका टोल, छिमेक र डाँडामा बर पिपल रोपेर चौतारा निर्माण गर्थे । अहिले हराउँदै गएका सम्पदाको संरक्षण गर्न तर्फ कसैको ध्यान पुगेको छैन । पुराना मौलिक सम्पदाहरु हराउँदै गएपछि बुढापाकाले चिन्ता व्यक्त गरेका छन् ।

पन्ध्र बर्ष अघिसम्म ७०/८० वटा भैंसी हुने आरकोर्ट चौरमा अहिले मुस्किलले १०/१२ वटा भैंसी देख्न पाईन्छ । धर्म संस्कृतिसँग जोडिएको पोखरी र चौतारा बसाइँसराइ तथा आधुनिकताले ओभेलिएको हो । पहिले-पहिले स्थानीयले पोखरी निर्माण गर्दा र चौतारी बनाउँदा पुन्य कमाइने मान्यता रहे पनि अहिले कसैले पनि यस्ता काम नगर्ने खत्रीको भनाई छ । बुढापाकाले काम गर्न नसक्ने र युवा पुस्ताले यस्ता धार्मिक काम गर्न तर्फ चासो नदिँदा पोखरी र चौपारी हराउँदै गएको सुनाउनुभयो ।

विगतमा गाउँको धेरै ठाउँमा पोखरी संरक्षण गरेर राखे पनि अहिले अधिकांश पोखरी सडकले पुरिएका छन । पोखरी संरक्षण हुँदा आसपासमा मुल पलाउने, खेतीमा सिञ्चालाईलाई सहयोग पुग्ने परियारको भनाई छ । 'मोटर बाटोले चौतारी पोखरी मासिए' उहाँले भन्नुभयो-'पूर्वाहरुल बातावरण

..............बाँकी ६ पेजमा



काठेखोला गाउँपालिका-२, भीमापोखराको जनकल्याण माध्यमिक विद्यालयका कक्षा ८, ९, १० र ११ का छात्रा विद्यार्थीहरू आत्मसुरक्षा तालिम लिदै । भीमापोखरा खेलकुद विकास समितिको आयोजनामा उक्त तालिम संचालन गरिएको हो ।

*-तस्विर: जननिगरानी साप्ताहिक*


### काठेखोला गाउँपालिकाका जनप्रतिनिधिहरुको सम्पर्क नम्बर

**पालिका अध्यक्ष र उपाध्यक्ष**

अध्यक्षः राजु थापा (९८५७६७१००१)
उपाध्यक्षः तेज बहादुर थापा (९८५११९६४९०)

**प्रमुख प्रशासकीय अधिकृत**

खगराज गौतम (९८६७९७०७३४)

**प्रबक्ता**

टिका संगम वि.क. (९८५७६७७००९)

**कार्यपालिका सदस्य**

देवी थापा मगर ९८४७७५३६७१
भूमा देवी पुन ९८४७६३१३२१
पूर्णमाया सुनार ९८४७६५६९०४
सुन्तली वि.क. ९८५७६७७०११
गिता देवी वि.क. ९८४७७८९५०५

**वडाअध्यक्षहरु**

वडा नम्बर १ — अध्यक्षः खडक बहादुर थापा (९८५७६२१८०१)
वडा नम्बर २ — अध्यक्षः विद्यापति शर्मा (९८५७६२११८२)
वडा नम्बर ३ — अध्यक्षः कुल बहादुर विक (९८५७६३७०४२)
वडा नम्बर ४ — अध्यक्षः लक्षमण पुन (९८५७६३४२५३)
वडा नम्बर ५ — अध्यक्षः ज्ञामनाथ कंडेल (९८५७६३४६५२)
वडा नम्बर ६ — अध्यक्षः बृहस्पती शर्मा (९८५७६२५६८६)
वडा नम्बर ७ — अध्यक्षः प्रेम बहादुर जि.सी. (९८५७६२०८४४)
वडा नम्बर ८ — अध्यक्षः प्रमानन्द कंडेल (९८५७६२०५६२)



### काठेखोला गाउँपालिकाको अनुरोध

बढीरहेको गर्मीसँगै यस काठेखोला गाउँपालिकाको विभिन्न स्थानमा आगोलागीका घटना बृद्धि भईरहेकोले आगोलागीबाट हुन सक्ने धनजनको क्षति लगायत वातावरणीय असरप्रति गाउँबासी सबै सचेत भई दिनुहुन अनुरोध छ ।

**आगलागी हनुबाट बच्न:**

- चुरोट खाएको ठुटा राम्ररी निभाएर मात्र फाल्ने ।
- सलाई, लाइटर, जस्ता सामाग्री बालबालिकाले नभेट्ने स्थानमा राख्ने ।
- ग्याँस, डिजेल, पेट्रोल जस्ता अति प्रज्वलनशिल पदार्थको सावधानी पूर्वक प्रयोग गर्नुको साथै सुरक्षितसाथ भण्डारण गर्ने ।
- हावा चलेको समयमा खेतबारीको फोहर नपोल्ने ।

जानीजानी वा लापरवाही गरी वन जंगलमा आगलागी गरेको पाइएमा वन ऐन २०७६ बमोजिम कारवाही हुने समेत जानकारी गराइन्छ । यदि कसैले लापरवाही गरी वा जानीजानी आगलागी गरेको देखेमा काठेखोला गाउँपालिका वा प्रहरी कार्यालयमा जानकारी गराई दिनुहुन समेत अनुरोध छ ।


अनुरोधक :

काठेखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
विहुँकोट,बागलुङ

# ‘नुनको चिया’ भित्रका नुनिला कथाहरू



समिक्षा
डा. राजकुमारी दाहाल




**विषय प्रवेश**

बिमल लामाद्वारा बङ्गला भाषामा लेखिएको र बङ्गला भाषी पाठकहरूमाझ चर्चित रहेको नुन चा -चायेर देशेर नुनकथा (सप्त श्री प्रकाशन, श्रीरामपुर, हुगली, सन् १९१२) उपन्यासलाई सर्जक शमीक चक्रवर्तीले नुनको चिया - चिया थलोको नुनिलो कथा (लाली गुराँस प्रकाशन,दार्जिलिङ,सन्२०२२) शीर्षकमा नेपाली भाषामा अनुवाद गरेका हुन्, आजसम्म बङ्गला भाषामा लेखिएको नुन चा उपन्यासका चार वटासम्म संस्करण निस्कनुबाट पनि यस उपन्यासको महत्त्व र लोकप्रियता अनुमान लाउन सकिन्छ । यसले बङ्गला भाषी पाठकमा रहेको पठन संस्कृतिलाई पनि दर्साउँछ जो अनुकरणीय छ ।

यस उपन्यासको शीर्षक नुनको चिया वा चिया थलोको नुनिलो कथा-ले शाब्दिक अर्थ मात्र बुझाएको छैन, यसमा लाक्षणिक अर्थ पनि ध्वनित भएको छ, जसले चिया बगानसँग सम्बन्धित मानिसहरूका जीवन चर्या, विचार, भावना, संस्कार संस्कृतिका साथै आर्थिक र राजनैतिक स्थिति पनि बोध गराउँदछ । यस कृतिका मूल लेखक यसो भन्छन्-“नुनको चिया मेरा लागि केवल एउटा उपन्यास मात्र होइन। एउटा बेपत्ता भइसकेको समग्र जीवनलाई पुनः दोहोर्याइएको भोगाइ हो यो, जुन भोगाइ विस्तारित भएको छ दार्जिलिङ पहाडका कुनाकाप्चामा, गाउँ- सहरमा, चिया बगानमा वा टाढा बस्तीहरूभित्र । माटोतिर अनुहार फर्काई बाँचिरहेका खटिखाने मानिसहरूका हरेक दिनचर्याभित्र ।

पुस्तौंदेखि पुस्तासम्म केवल गाँस र वासको फन्कोभित्र रनभुल्लमा परेको एउटा जातिले बाँच्नुपरेको दिशाहीन जीवनभित्र । फेरि, तिनीहरूले नै अचानक जमिनबाट आफ्नो अनुहार उठाएर हेर्छन् आकाशतिर । घामको आँखामा आँखा जुधाउँछन् बेजोड स्पर्धासित ।” यस उपन्यासको विषयवस्तु सन् १९८६ सालमा दार्जिलिङ पहाडमा भएको आन्दोलनमा आधारित छ ।

विषय विस्तार

समालोचक डा. गोविन्दराज भट्टराई लेख्छन्-“हरेक सृजनाले शक्ति उत्पन्न गर्नु पर्दछ,त्यसमा लेखकको अध्ययन,चिन्तन,शिल्प, धैर्य,सन्देश सबै कुरा खारिएर निस्केको हुनु पर्दछ, त्यसमा उसको समय प्रतिध्वनि हुनुपर्दछ ।” ( पृ. ४६,उत्तर आधुनिक ऐना) : नुनको चिया कृतिमा सर्जक बिमल लामाले आफूले देखेका,भोगेका र अनुभव गरेका कुराहरू र घटनाहरूलाई औपन्यासिक शिल्प संरचनामा स्वाभाविकताका साथ आबद्ध गरेर प्रस्तुत गरेका छन् । यसलाई यथार्थ र कल्पनाको सम्मिश्रणले औपन्यासिकता प्रदान गरेको देखिन्छ ।

नुनको चिया ५६९ पृष्ठ र बत्तिस अध्यायमा समेटिएको बृहतकाय उपन्यास हो । पहिलो अध्याय देखी छैटौं अध्यायसम्म उपन्यासको कथा सिङ्ताम टी स्टेट,धनमानधुरा , रकबीरधुरा, गोपालधुरा, पुलबजारको वरिपरि घुमेको छ । पहिलो अध्यायमा पुल बजारको सब्जी बजारको रौनक, व्यापारीहरूको जमघट, पुलबजारबाट बिजनवारिको घिर्लिङसम्म सब्जीका डोकाहरूको ओसार पसार , घिर्लिङबाट सब्जी चोकबजारमा पठाउने प्रक्रियाको वर्णन छ । दोस्रो अध्यायमा भालु मार्ने प्रक्रिया ; तेस्रोमा झाँक्री प्रकरण; चौथोमा यशोमतीको कथा छ जसलाई प्रायः सबैले चरित्रहीन, बोक्सी भनेर चिन्छन्, त्यसरी नै पाँचौं र छैटौं अध्यायमा गाउँ घरका विश्वास अविश्वास, भूतका कथा, छौंडाको हुङ्कार,रूपमान रूपमतीका कथा, जाग्रत देवीको पूजा,परेवा कुखुरा बाख्राको बली, गजे झाँक्रीको भविष्यवाणीका कुराहरू छन् । त्यसपछि सातौंदेखि चौधौं अध्यायमा १९८६ को आन्दोलनका सुरुवातका कुराहरू छन् ।

पन्ध्रौंदेखि एकतिस अध्यायसम्म उग्र आन्दोलनको परिचय पाइन्छ अनि ‘भ्रमित अगस्ट’ शीर्षक भएको अन्तिम बत्तिस अध्याय प्रतीकात्मक र व्यङ्ग्यात्मक छ । जुनीको प्रसव पीडा, प्रसूति कक्षको बन्द दैलो र त्रिपक्षीय सम्झौता गरिने कक्षको बन्द दैलो; बेनामी बाबुको हस्ताक्षर र काउन्सिल थाप्नको निम्ति गरिने हस्ताक्षर जस्ता द्वि अर्थी बोधक वाक्य /वाक्यांशको प्रयोगले पाठकको कौतूहल चरम सीमामा पुराएको छ । उपन्यासको समाप्तिमा उर्गेनले फ्रेममा टाँसिएको ‘गोर्खाल्यान्ड’ लेखिएको स्टिकर उक्काएर दोकानकी दिदीलाई दिँदै भनेका “सम्हालेर राख्नू । नहराउनू है!” अनि “आज म हस्ताक्षर गर्न जाँदै छु । तर एक दिन न एक दिन म पक्कै फर्केर आउनेछु अनि आफ्नै हातले कञ्चनजङ्घाको निधारमा टाँसिदिन्छु त्यो स्टिकर । गोर्खाल्यान्ड ।” जस्ता कथनबाट माथिल्लो तहमा सम्झौता गरिए तापनि जनताको आशा र आकाङ्क्षा पूर्ण नभएको,आन्दोलनको उद्देश्य महत् थियो तर दिसाहीन र अपरिपक्व नेतृत्वका कारणले टुङ्गोमा पुग्न नसकेको बोध हुन्छ ।

यस उपन्यासका मुख्य मुख्य विशेषतालाई निम्नलिखित बुँदाहरूमा राखेर हेर्न सकिन्छ -

आन्दोलक जनता

यस उपन्यासमा जनतालाई आन्दोलनको मियोको रूपमा देखाइएको छ । माटोको लडाइँको निम्ति ज्यानको बाजी लगाउने उर्गेन, गोर्खाल्यान्ड नभएसम्म केश काट्दिन भनेर सङ्कल्प गर्ने मिलन, आन्दोलनमा रगत बगाउने पहिलो मान्छे गोपालधुराको गोपाल,आन्दोलनमा मन र धनले सघाउने पेम्बा, कुन्दन जस्ता गाउँका युवाहरूको निस्वार्थ त्याग पाइन्छ । दार्जिलिङ बजारका तारा र डी के रामानन्द जस्ता नेताहरूले युवाहरूको ब्रेनवास गरिदिन्छन् - ‘गोर्खालीले रगत अर्काका लागि मात्रै बगाएको छ, गोर्खाले कहिले राजाका लागि,कहिले ब्रिटिसका लागि र कहिले माकपाका लागि, अब समय आएको छ हाम्रो आफ्नो रगत केवल आफ्नै लागि बगाउने, गोर्खाको आफ्नै राज्य गोर्खाल्यान्डका निम्ति’ (पृ.१०६) । स्वार्थी नेताहरूका कारणले एकै ठाउँमा व्यापार गर्ने उर्गेन र विजयमा दुस्मनी हुन्छ । -‘बिजनबारीमा बस्नु छ भने सिपिएमसँगै मिलेर बस्नुपर्छ, नभा यसको नतिजा राम्रो हुँदैन’ (२७४) । नेताहरूको आदेशमा भिन्न पार्टी गर्ने जनताका घर जलाउने प्रतिस्पर्धा गर्छन् ।

कतिपय जनता शङ्का गर्छन् ‘के भोटेहरू गोर्खाल्यान्डका लागि सङ्घर्ष गर्छन् र? उनीहरू आफूलाई गोर्खा भनेर मान्दैनन्, गोर्खा होइनन् पनि, तर दार्जिलिङको अविच्छेद अङ्ग हुन्, भोटेहरूलाई छोडिदिँदा दार्जिलिङको अनुहार नै बदि्लहाल्छ’ (१५७) । आफ्नो दोकानको भित्तामा फ्री टिबेट लेखिएको नक्सा राख्ने भोटे जातकी डोल्मा भन्छे “जुन पीडा तिमीहरूले अहिले आएर बुझ्दै छौ, हामी त्यही लिएर जन्मेका छौं, त्यही लिएर बाँचिरहेका छौं ( पृ १५८), ” आफ्नो देश वा राज्य नहुनुको पीडालाई डोल्मा पात्रले प्रतिनिधित्व गरेकी छ । कमल यसो भनेर युवाहरूलाई सचेत गराउँछ -‘बङ्गाल बङ्गालीहरूका लागि हो, हामी बङ्गाली हैनौं त्यसो भए हाम्रो ठाउँ कहाँ छ ? कतै छैन, हामी न घरका, न घाटका, यदि कलकत्ता गएर म आफूलाई बङ्गाली हुँ भन्दा बङ्गालीहरू नै हाँस्छन्, बङ्गालबाहिर गएर म आफूलाई इन्डियन भन्यो भने उनारले शङ्का गर्छ, यही सङ्कट लिएर बाँचिरहेको छ भारतका एक करोड गोर्खाहरू, इन्डियन गोर्खा (पृ.१८७),’ यसरी जनता अन्योलमा बाँचिरहेका छन् ।

ऐतिहासिकता

उपन्यासमा तत्कालीन सत्य र तथ्यहरूको वर्णनले कथानक जीवन्त बनेको छ । लेखकले कथावस्तु र पात्र प्रयोगमा ऐतिहासिकताको रक्षा गर्दै वातावरण चित्रणलाई अधिक महत्त्व दिएका छन् ।२७ जुलाई १९८६को दिन कालेबुङ थाना डाँडाको बीभत्स गोली काण्डलाई एक्काइसौं अध्याय ‘सत्ताइस जुलाई’मा वर्णन गरिएको छ ।२२ अगस्ट १९८८को दिन केन्द्र सरकार, राज्य सरकार र गोर्खा राष्ट्रिय मुक्ति मोर्चा माझको त्रिपक्षीय सम्झौतामा गरिएको हस्ताक्षर विषयलाई बत्तिसौं अध्याय ‘भ्रमित अगस्ट’ मा वर्णन गरिएको छ । छब्बीसौं अध्यायको सुवास ग्राम निर्माण आदि ऐतिहासिक तथ्य हुन् । यस उपन्यासले ऐतिहासिक आख्यानको अभाव पूर्तिको लागि परिमाणात्मक भूमिका त निर्वाह गरेको छ यसका साथै गुणात्मक रूपमा यसको भूमिका सराहनीय रहेको छ ।प्रस्तुत उपन्यासलाई गोर्खाल्यान्ड आन्दोलनको सिर्जनात्मक दस्तावेज मान्न सकिन्छ ।

आञ्चलिकता

साहित्यमा आञ्चलिक प्रवृत्तिले युगीन परिवेश, भौगोलिक- सांस्कृतिक एवम् ऐतिहासिक पक्षका साथै त्यहाँका बासिन्दाहरूको विस्तृत जानकारी दिन्छ भन्ने कुरा ‘द इन्साइक्लोपिडिया अमेरिकाना’ मा उल्लेख गरिएको पाइन्छ । साहित्यमा विशेष गरेर उपन्यास विधामा आञ्चलिकताबारे चर्चा गर्दा यसको स्वरूप र प्रयोगका आधारमा आञ्चलिक उपन्यास, आञ्चलिक संस्पर्श भएका उपन्यास, स्थानीय रङ भएका उपन्यास जस्ता विविध प्रकार खुट्याउन सकिन्छ । नुनको चिया उपन्यासमा कुनै व्यक्ति वा परिवारको कथा छैन, पुरा गाउँ धनमान धुराको कथा छ; त्यहाँको भौगोलिक र सामाजिक परिवेशको अङ्कन पाइन्छ, कथा योजनामा बहुमुखी र विविध दिशागामी कथाहरूलाई क्रियान्वयन गर्नाका निम्ति विविध प्रवृत्तिका पात्र प्रयोग गरेका छन् । स्थानीय रङको प्रशस्त प्रयोग पाइन्छ। प्रस्तुत उपन्यास व्यष्टि प्रधान नभएर यसमा सामूहिक चेतनालाई अभिव्यक्ति दिइएको छ । गेँन पात्र व्यक्तिगत विशिष्टताका कारणले अन्य भन्दा भिन्न छ तर अन्य पात्रहरूमा वैयक्तिक गुणको अपेक्षा वर्गगत गुण पाइन्छ। समग्रमा यस उपन्यासलाई आञ्चलिक संस्पर्श भएको उपन्यास मान्न सकिन्छ ।

नारी पात्र

नुनको चिया उपन्यासमा लेखकले नारी पात्रहरूको चरित्र चित्रणमा विशेष ध्यान दिएका छन् । यस उपन्यासमा विभिन्न वर्ग र स्वभाव भएका नारी पात्रहरूको प्रयोग गरेका छन् । सुरुमा सामान्य सोच भएकी नारी पात्र जुनीको उपन्यासको उत्तरार्धमा चारित्रिक परिवर्तन भएको पाइन्छ । उपन्यासको अन्ततिर उसको चरित्रमा दृढता ,परिपक्वता जस्ता गुणहरू आबद्ध भएका छन्, गाउँ समाजबाट अलग्गै बस्ने यशोमतीलाई सबैले चरित्रहीन सम्झन्छन् तर पछि यशोमतीले जातिप्रेमी, माटोप्रेमी युवाहरूलाई आफ्नो सामर्थ्यअनुसार सहयोग पुराउँछे यसैले ऊ सबै युवाहरूकी ‘यशुदिदी र‘गोर्खाल्यान्डकी धाई आमा’ बन्न सक्षम भएकी छे । उपन्यासमा यशुमतीलाई चारित्रिक उच्चता प्रदान गरिएको छ, उपन्यासका धेरै महिला पात्रहरू साना ठुला सबै प्रकारका व्यापार- वाणिज्यमा संलग्न रहेका छन् । धनमान धुरामा सबैभन्दा पुरानो व्यापारी फुलमाया नै हुन्, उर्गेनले उनकै हात समाएर व्यापार गर्न सिकेको हो । डोल्माको सब्जी दोकान,साइँलीको चिया,मोमो दोकान, मनमायाको रक्सी दोकान, सुबीको चिया दोकान, जुनीको आमाको सब्जी दोकान आदिको वर्णनद्वारा दार्जिलिङको व्यापार क्षेत्रमा अघिदेखि नै महिलाहरूको सक्रियता रहेको पाइन्छ ।

अनुवाद प्रवृत्ति

साहित्यको अभिवृद्धिमा मौलिक कृतिको जति महत्त्व रहेको हुन्छ अनूदित कृतिको पनि उत्तिकै महत्त्व रहेको हुन्छ । विश्वमा वैचारिक र राजनैतिक परिवर्तन ल्याउनु तथा सामाजिक सांस्कृतिक विकासको आदान प्रदानमा अनुवादको उल्लेखनीय भूमिका रहेको छ। कुनै पनि कृति अनुवाद गरिनुका पछाडि विभिन्न प्रयोजन र उद्देश्य रहेका हुन्छन्- जस्तै आफ्नो भाषा साहित्यलाई सबल बनाउनु, आफ्ना भाषा साहित्यमा रहेका राम्रा कृतिहरू अन्य भाषी पाठकलाई रसानुभूति गराउनु ,पाठकको आवश्यकता बोध, व्यापारिक दृष्टिकोण इत्यादि, नुनको चिया कृतिको अनुवाद कार्यबारे अनुवादक शमिक चक्रवर्तीको आत्म अभिव्यक्तिमा यस कृति अनुवादको महत् उद्देश्य झल्किन्छ-‘उत्पीडित राष्ट्रियताको आत्मनिर्णयको अधिकारप्रति समर्थन तथा सहभागिताको अभिव्यक्ति हो यो अनुवाद कार्य, साथै पहाड र कमाने जीवनको पिर मार्काबारे मेरो प्रत्यक्ष अनुभवलाई सम्झेर पनि मैले यो अनुवाद कार्यलाई मेरो कर्तव्य ठानेको छु’ अनुवादकले उपन्यासको नामकरण, अध्यायहरूको शीर्षक र अध्याय विभाजनलाई मूलअनुरूप नै राखेका छन् । । मूल कृतिको विषयवस्तु र लेखकको शैली दुवैलाई आत्मसात् गरेर त्यसैको अनुगमन गरेका छन् । उपन्यासले पाठकलाई सुरुदेखि अन्तसम्म नै बाँधेर राख्न सकेको छ । विभिन्न घटनाक्रमको प्रस्तुति र कथानकको विस्तारद्वारा पाठकमा कुतूहल क्रमिक ढङ्गमा भएको पाइन्छ । अनुवादमा मूल निष्ठता पाइनुका साथै लक्ष्य भाषाको प्रकृति र सृजनात्मक सम्भावनातर्फ पनि केन्द्रित रहेको छ ।

अनूदित कृतिमा भाषिक सरलता र सहजतालाई ध्यान दिइएको छ । उपन्यासमा प्रयोग भएका हाम्लाई , तिमारू, उनारु, तिनारु, अइले, यता बाडो आऊ जस्ता बोलीचालीका शब्दहरूको प्रयोग स्वाभाविक लाग्दछ । बङ्गला भाषामा प्रयोग हुने तर नेपाली भाषामा प्रचलित नभएका केही तत्सम शब्दहरू अनि नेपाली वाक्य गठनमा नमिलेका एकाध वाक्य प्रयोग भएका छन् । केही उदाहरणहरू हेरौं -

- उर्गेनका आँखामा पनि निराशाको निष्प्रभा छैन । छ भने एक उज्ज्वल अलौकिक क्षमा सुन्दर दीप्ति छ (पृ.४१) ।
- एक्कासि चना कचौरीको बास्नाले तिनीहरूलाई नारायण दासको चिल्लो टेबलमाथि पछारिदियो ।(पृ.११४) ।
- त्यसपछि सुरु हुन्छ उनीहरूको स्वतन्त्र सन्धानी जीवन (पृ.१३८) ।
- कुरा कुरामा दोपहर आयो (पृ.१८९) ।
- निरावरण जिउ (पृ.३३६) ।
- अनावृत्त शरिर (पृ.३४३) इत्यादि

तर भाषा शैलीको यस्ता प्रयोगले पाठकलाई अर्थ ग्रहण वा रसास्वादनमा भने उति बाधा सृष्टि गरेको छैन । अनुवादमा भाषाको सुन्दर प्रयोग पनि पाइन्छ उदाहरणार्थ - ‘आमा झिन्झिरीले सब्जीमा पानी छर्किंदै थिइन । लहलहाउँदो रायो सागको विशाल पातहरू मानौं मुन्टो हल्लाउँदै आमाका हातमा नुहाउँदै छन्, पछाडि बिट- गाजरहरू नुहाइसकेका छन् । अगाडि पर्खिरहेका छन् धनिया र सलगमहरू ’(पृ.२९३)।

‘अनुवाद मूल कृति सदृश हुनुपर्दछ अथवा अनुवादले मूल कृतिको नजिक पुग्ने प्रयास गर्नुपर्दछ’ भन्ने मान्यता सर्वस्वीकार्य छ । अनुवादक यस कार्यमा सफल भएका छन् । मूलकृतको पठन पक्ष र सन्देश पक्षलाई दुवैलाई लक्ष्य भाषाका पाठक समक्ष पुराउन सकेका छन् ।

अनूदित कृतिमा मूल लेखकको नाम, कृतिको नाम, स्रोत भाषा, प्रकाशन साल, मूल लेखकको परिचय अनि अनुवादकको नाम, ,प्रकाशन साल, अनुवादकको परिचय अवश्यै दिइएको हुनुपर्छ । अनुवाद कार्य कुनै मध्यवर्ती पाठबाट गरिएको छ भने सो उल्लेख गरिएको हुनुपर्छ। यस कृतिमा अनुवाद प्रक्रियाका उक्त आवश्यक जानकारीहरू स्पष्ट ढङ्गमा राखिएको छ ।

===

निष्कर्ष

उपन्यासमा कथानकको प्रबलता र चरित्र चित्रणमा जीवन्तता पाइन्छ । दार्जिलिङे जनजीवनको चित्रण,स्थानीयताको दिग्दर्शन पाइन्छ । सामाजिक परिवर्तनको आदर्शमूलक चाहाना युवाहरूमा देखिन्छ । जातीय अस्तित्वको सङ्घर्ष /आन्दोलनमा निस्वार्थ कार्य गर्ने र ज्यान गुमाउने योद्धाहरू भन्दा अवसरवादीहरू माथि पुगेका छन् । वर्णनात्मक शैलीको प्रयोग, मानवीय संवेदना,काव्यात्मक,लयात्मक वाक्य सरल सन्तुलित भाषा जस्ता गुण पाइन्छ । कथ्य र शिल्प बढी सबल छ ।

नुनको चिया विभिन्न वर्गका मानिसहरूको सहभागी भएको बहुपात्रीय उपन्यास हो । गाउँ घरमा सबै उमेरअनुसार एका अर्कासँग साइनो लगाएर बोल्छन्, कुल्ली काम गर्नेलाई कुल्ली भनेर कसैले बोलाउँदैनन्,सबैलाई नै दाइ भनेर सम्बोधन गरिन्छ । गाउँका मानिसहरू कसैले खबर कागज पढ्दैनन् । सहर बाट विभिन्न सामानहरू लपेटिएर आएका खबर कागजका पानाहरू सँगालेर आफ्नै घरमा लाइब्रेरी बनाउने गजे झाँक्रीको प्रसङ्ग रोचक छ ।

उपन्यासमा परिश्रमी पात्रहरूको जीवन्त प्रस्तुति पाइन्छ । चिया बगानमा

.............**बाँकी ६ पेजमा**

# सहकारीमा समस्या आउन नदिन सदस्य जागरुक बनौं : जि.सी.

**जननिगरानी संवाददाता**
**बागलुङ**

राष्ट्रिय सहकारी बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जिसीले सहकारी क्षेत्रमा आउन सक्ने समस्या समाधानका लागि शेयर सदस्यहरुको जागरुकता आवश्यक रहेको बताउनु भएको छ ।

पर्वतको जलजला गाउँपालिका वडा नं. ७ मिलनचोकमा सञ्चालित कृष्णगंगा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको १५ औं स्थापना दिवसका अवसरमा शनिवार आयोजित शेयर सदस्यहरुसंगको अन्तरक्रिया कार्यक्रममा बोल्दै जिसीले यस्तो बताउनु भएको हो ।



कृष्ण गंगा सहकारीमा १ हजार जना शेयर सदस्य हुनुहुन्छ, यो संस्था बनाएको, चलाएको सबै तपाईहरुले हो, यसलाई राम्रो बनाउने, सहज रुपमा सञ्चालन गर्ने वा भताभुंग पार्ने भन्ने कुरा तपाई सदस्यहरुको हातमा छ, बैकका सञ्चालक जिसीले भन्नुभयो,-'कृष्णगंगा सहकारीलाई सपार्न र विगार्न अन्यत्रबाट कोही आउदैनन, यसका सञ्चालक, कर्मचारी र शेयर सदस्य चनाखो भए संस्थामा कुनै समस्या आउदैन । सहकारीले सदस्यसंग संकलन गरेको वचत संस्थाका शेयर सदस्यहरुलाई नै ऋण लगानी गर्ने हो, ऋण लैजाने सदस्यले तिरेको ब्याजबाट वचतकर्ताले ब्याज पाउने हो, सदस्यलाई लगानी गरेको ऋण नउठ्ने र वचत गरेका सदस्यहरुले वचत फिर्ताका लागि दवाव बढाउदा ऋणी सदस्यहरुलाई समस्या पर्ने भएकाले ऋण लगेर नतिर्ने सदस्यहरुलाई सचेत हुन उहाँले आग्रह गर्नुभयो ।

सहकारीमा जम्मा भएको वचत रकममा सञ्चालकहरुले बढी आँखा लगाएर घरजग्गा र अन्य व्सायमा लगानी गरेका कारण केही सहकारीमा समस्या आएको चर्चा गर्दै जिसीले सहकारीले आफ्ना सदस्यलाई ऋण लगानी गरेको छ भने समस्या नआउने बताउनुभयो । सहकारी ऐनको दफा ५० को ६ मा सहकारी संस्थाले सदस्यसंग संकलन गरेको वचत रकम सदस्यहरुलाई ऋण लगानी गर्न, नेपाल सरकारले जारी गरेको ऋणपत्र वा नेपाल राष्ट्र बैंकले जारी गरेको ट्रेजरी बिल खरिद गर्न बाहेक सम्पत्ती खरिद गर्न, पूर्वाधार निर्माण गर्न, कारोबारमा लगानी गर्न, कुनै फर्म वा कम्पनीमा लगानी गर्न नपाइने व्यवस्था गरेको छ, तर कतिपय सहकारीहरुले ऐनमा भएको व्यवस्था भन्दा विपरित सदस्यसंग वचत संकलन गरेर अन्यत्र लगानी गरेका कारण समस्या सिर्जना भएको उहाँले बताउनुभयो । सहकारी ऐनले सहकारी बैंकको शेयर खरिद बाहेक वचत रकमबाट कुनै पनि बैंक वा कम्पनीको शेयर खरिद गर्न नपाइने व्यवस्था गरेको समेत जिसीले बताउनुभयो ।

कार्यक्रममा संस्थाका सल्लाहकार जमुना आचार्यले सहकारी सदस्यहरुको हो, सदस्यहरु सहकारीका मालिक हुन, सदस्यहरुले आफु संस्थाको मालिक भएको अनुभूति गर्न सके सहकारीमा समस्या नआउने बताउनुभयो । सबै शेयर सदस्यहरुलाई आफ्नो संस्थाको बारेमा जानकारी लिन, सुझाव दिन तथा संस्थामा आउन सक्ने समस्यामा साथ दिन समेत आग्रह गर्दै आचार्यले सहकारीको मर्म र भावना विपरित काम गर्ने सहकारीहरुमा समस्या आएको बताउनुभयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष गोविन्दराज जैसी, उपाध्यक्ष रुद्रलाल उपाध्याय, सचिव भेषराज आचार्य र कोषाध्यक्ष बम बहादुर बरुवालले संस्थाको अवस्थाका बारेमा जानकारी गराउँदै हल्लाका पछि नलागी निर्धक्क भएर संस्थामा कारोबार गर्न शेयर सदस्यहरुलाई आव्हान गर्नु भएको थियो । तपाइहरुले संस्थामा लगानी गरेको शेयर र वचत रकम सदस्यहरुमै लगानीमा छ, सदस्यमा लगानी भएको रकम सुरक्षित छ, त्यसैले निर्धक्क रहन आव्हान गर्दै उहाँहरुले संस्थामा आउन सक्ने समस्याको समाधानका लागि सहयोग गर्न समेत आग्रह गर्नुभयो ।

९ सय ८० जना शेयर सदस्य रहेको कृष्णगंगा बहुउद्देश्यीय सहकारी संस्थामा ३ करोड ३८ लाख शेयर रकम, १५ करोड ३१ लाख वचत रकम, १९ करोड ५१ लाख ऋण लगानी, १ करोड कोष सहित कुल सम्पत्ती २२ करोड रहेको संस्थाका प्रवन्धक ओम प्रकाश शर्माले जानकारी दिनुभयो ।

# सरकारको लक्ष्यअनुसार आर्थिक वृद्धि नहुनु उद्योगीका लागि दु:खद: ढकाल

**जननिगरानी संवाददाता**
**बागलुङ**

नेपल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले सरकारको लक्ष्यअनुसार आर्थिक वृद्धिदर हुन नसक्ने स्थिति उद्योगी व्यवसायीहरुका लागि दु:खद भएको बताउनुभयो ।

बागलुङ उद्योग वाणिज्य संघको ५९ औं बार्षिक साधारणसभातथा सम्मान कार्यक्रममा बोल्दै ढकालले हालै तथ्याङ्क विभागले सार्वजनिक गरेको चालु आर्थिक वर्षको २१६ प्रतिशत मात्रै आर्थिक वृद्धिदर हुने प्रक्षेपणले अर्थतन्त्रमा समस्या रहेको बताउनुभयो ।

अहिले देखिएको आर्थिक संकटमा सरकार र राष्ट्र बैंकलाई दोस दिएर उम्कन नमिल्ने भन्दै अर्थतन्त्रमा आएका वर्तमान समस्या र चुनौती समाधान गर्न सरकार,नियमन निकाय र निजी क्षेत्र सबै हातेमालो गरेर अघि बढ्नुपर्ने आवश्यकता रहेको बताउनुभयो ।

बैंकहरुले सहज रुपमा कर्जा दिँदा घरजग्गा, शयेर वा सवारी साधन खरिदमा लगानी गर्नु व्यवसायीहरुको पनि कमजोरी रहेको बन्दै वर्तमान मुलुकको अर्थतन्त्रको समस्या र चुनौतीबाट बाहिर आउन सबै पक्ष मिलेर जानुपर्ने बताउनुभयो । कतिपय गलत हल्लाको कारण उद्योगी व्यवसायीहरुको आत्मबल बढ्न नसकेको भन्दै सरकारले व्यवसायीमैत्री मौद्रिक तथा आर्थिक नीतिहरु ल्याउन माग गर्नुभयो ।

बागलुङ आफ्नो गृह जिल्ला पनि भएकोले बागलुङका व्यवसायीहरुले सम्भावित क्षेत्रमा आयोजनाहरू पहिचान गरेको खण्डमा त्यसमा पुँजी र प्रविधिको अभाव हुन नदिने बताउनुभयो । बागलुङको पर्यटन, कृषि र जलविद्युत कुन-कुन क्षेत्रमा लगानीको सम्भावना छ त्यसको पहिचान गर्न आग्रह गर्दै राष्ट्रिय तथा अर्न्तराष्ट्रिय लगानी भित्राउन आफू तयार रहेको बताउनुभयो । अध्यक्ष ढकालले आफ्नो कार्यकालमा पाँच वटा विषयलाई प्राथमिकतामा राखेको बताउनुभयो ।

ढकालले वर्तमान आर्थिक संकट समाधानको रणनीति तयार गर्ने, लगानीको वातावरण बनाउने, राज्य र निजी क्षेत्रबीचको साझेदारी सुदृढ गर्ने, दक्ष जनशक्ति उत्पादन तथा रोजगारी सृजना गर्ने र व्यवसायीहरुको मनोबल उच्च बनाउन राज्यको मर्यादाक्रममा निजी क्षेत्रको स्थान निर्धारण गर्ने कामलाई प्राथमिकतामा राखेको बताउनुभयो ।

## साप्ताहिक खेल खबर

# नेपाल एसिया कपमा छनोट




**जननिगरानी संवाददाता**
**काठमाडौं**

नेपालले एसिसी प्रिमियर कपको फाइनलमा युएईलाई ७ विकेटले हराउँदै एसिया कपमा स्थान बनाएको छ । नेपाल च्याम्पियनका साथ एसिया कपमा भारत र पाकिस्तानसँगको भेट पक्का गरेको हो । नेपाल सन् २००२ पछि पहिलो पटक एसिया कपमा स्थान बनाएको हो ।

जितको लागि १ सय १८ रनको सामान्य विजयी लक्ष्य नेपालले ३०.३ ओभरमा ३ विकेट गुमाउँदै पूरा गर्यो । नेपालको जितमा गुलशन झा ८३ बलमा ३ चौका र ६ छक्कासहित ६७ रनमा अविजित रहे । भीम सार्की ७२ बलमा ४ चौकासहित ३६ रनमा क्रिजमा रहे । चौथो विकेटका लागि गुलशन झा र भीम सार्कीले ९६ रनको अविजित साझेदारी गरेका थिए ।

गुलशनको यो ओडिआई करिअरको दोस्रो अर्धशतक हो । उनले ७५ बलमा अर्धशतक पुरा गरेका हुन् । अघिल्लो महिना गुलशनले आइसिसी विश्वकप लिग २ त्रिकोणात्मक ओडिआई सिरिजमा युएईविरुद्ध नै अर्धशतक प्रहार गरेका थिए ।

नेपालको सुरुवात भने राम्रो हुन सकेको थिएन । नेपालले दोस्रो ओभरको दोस्रो बलमै ओपनर कुशल भुर्तेललाई एक रनमा गुमाएको थियो । स्पिनर रोहन मुस्तफाको बलमा उनी एलबीडब्लू आउट हुन पुगे ।

सातौं ओभरको पहिलो बलमा आयन खानले अर्का ओपनर आसिफ शेखलाई ८ रनमा एलबीडब्लू आउट गरे । आठौं ओभरको अन्तिम बलमा मुस्तफाले कप्तान रोहित पौडेललाई १ रनमै बोल्ड आउट गरेपछि नेपाल २२-३ को अवस्थामा पुगेको थियो । युएईले सुरुवाती १८ ओभर स्पिनरलाई बलिङ गराएको थियो । युएईका स्पिनर रोहन मुस्तफाले १० ओभरमा ३ मेडनसहित १३ रन खर्चेर २ विकेट लिए । आयन खानले ९.३ ओभरमा १ मेडनसहित ३९ रन खर्चेर १ विकेट लिए ।

त्यसअघि टियु क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको युएई ३३.१ ओभरमा १ सय १७ रनमा अल आउट भएको थियो । सोमबार वर्षाको कारण २७.३ ओभरमा ९ विकेट गुमाउदै १ सय ६ रन बनाएको अवस्थामा खेल रोकिँदा मंगलबार ११ रन जोड्दै युएई १ सय १७ रनमा अल हुन पुगेको थियो ।

युएईका आसिफ खानले ५४ बलमा ७ चौका र १ छक्कासहित सर्वाधिक ४६ रन बनाए । स्पिनर ललित नारायण राजवंशीको २८ औं दोस्रो बलमा आसिफ खान एज लागेर आरिफ शेखबाट क्याच आउट भएका थिए । युएइका अन्य व्याट्सम्यानहरु सस्तैमा आउट भएका थिए ।

नेपालको जितमा स्पिनर ललितनारायण राजवंशीले ७.१ ओभरमा २ मेडनसहित १४

.............. बाँकी ६ पेजमा



## तन्त्र:....................

तलेजु भवानीको मन्दिर परिसरका ढुङ्गाका स्तम्भ । यसबारे मल्लकालका अभिलेखमा पनि हेर्न सकिन्छ ( बज्राचार्य, मल्लकालीन अभिलेख, नेपाल एसियाली अनुसन्धान केन्द्र, २०५६) ।

यातायातका साधन र सडक नभएको त्यो समयमा यी अजङ्गका ढुङ्गा पनि टाढा-टाढाबाट ल्याइएको थियो । मन्दिर या दरवारमा राखिएका एउटै स्तम्भ राखेका ढुङ्गा दश हजार मेट्रिक टनसम्मका छन् । अहिले पो फराकिला सडक छन् । सबै काम यन्त्रले गर्छ । त्यो बेला घोडेटो बाटोमात्र हुन्थे भने मन्दिर र दरबार सबै डाँडाका टुप्पामा हुन्थे । त्यो बेला ती ढुङ्गा कसरी ल्याइयो होला ? आज हाम्रो कल्पनाले भ्याउँदैन । त्यतिमात्र होइन, त्यसताका ससाना टुक्रे राज्य हुन्थे । एउटा राज्यमा दुई हजार, पाँच हजार, सात हजारमात्रका जनसंख्या हुन्थे । अनि कति थिए होलान् कामकाजी मानिस ? त्यस्तो समयमा टाढाबाट ती ढुङ्गा ल्याउन सम्मोहन विधि (योगतन्द्रा) प्रयोग गरिन्थ्यो । मान्छेमा सम्मोहन विधि प्रयोग गरेर उनीहरुमा सक्छौं भन्ने भाव पठाएर थोरै मान्छेबाट सोच्नै नसकिने काम गरिन्थे । मसान खेलाउने भन्ने कुरा सायद यसैलाई भनिएको हुनुपर्छ । त्यसबेला साधनाद्वारा सिद्धि प्राप्त गरेका योगी योगीनीहरु हुन्थे । जसको प्रमुख भूमिका स्त्रीहरुले निर्वाह गर्दथे । यसैकारण त्यसताका नै काठमाडौमा अधिक देवीहरुको पूजा भएको हो र त्यसै समय तलेजु भवानी, कात्यायानी, दक्षिणकाली जस्ता देवीका मन्दिर निर्माण भएका हुन् ।

पश्चिमा देशहरुले भने बल्ल दोस्रो विश्वयुद्धमा सम्मोहन विधिको प्रयोग गरेका थिए । उनीहरुले युद्धमा जाने सेनालाई थाहा नदिइ उनीहरुको हेल्मेटमा डरको भाव ( सिग्नल)लाई निष्क्रिय बनाउने सानो तामाको पत्र(चिफ) जडान गरिदिएका थिए । जसले उनीहरुमा मर्छु भन्ने डरको भाव (सिग्नल) दबाइदिन्थ्यो । डर हराएपछि उनीहरुले मेसिनको रुपमा सोच्नै नसकिने काम गरे । यस्तो प्रयोग उनीहरुले एउटा खुकुरीले हजारौंलाई छिनाउने अदम्य शक्ति ( सेल्फ हिप्नोटाइज) भएका गोर्खाली सेनालाई हेरेर गरेका थिए । खासमा यो शक्ति हरेकमा प्राप्त छ । तर, किन नेपाली (गोर्खाली)हरु त्यति निडर र भित्री शक्ति निकाल्न सक्ने भए ? यसको एउटै कारण छ- उनीहरु तन्त्रका साधक अथवा देवीका आराधक भएका कारण उनीहरु सम्मोहन शक्तियुक्त (योग तन्द्रामा) हुन्थे । त्यसैले उनीहरु निडर कहलिए । आज पनि गोर्खाली संसारभर निडर मान्छेको रुपमा चिनिन्छन् । गोर्खाली सेनामा आज पनि युद्धमा जानुअघि देवीको आराधना गरेर योग तन्द्राको अभ्यास गरेरमात्र निस्कने परम्परा कायम छ (अवकास प्राप्त मेजर दिलबहादुर गुरुङ (:ख्इ) (रोएल मेम्बर अफ दी भिक्टोरियन अर्डर) बेलायत, हाल पोखरा ) ।

हिजोआज भौतिक विकासको आक्रमक विस्तारले तन्त्र साधना जस्ता विषय खुम्चिँदै गएको छ । अझ यसलाई धामी झाँक्री विधाको रुपमा बुझ्ने अवस्था आएको छ । पश्चिम नेपालमा त्यस्ता साधकहरु छन्, जो खाली खुट्टा बलेको आगोमा हिँड्ने, ठूल्ठूला घण्टका रालो निलिदिने, मुखैले टोकेर बोकाहरु छिनाउने गर्छन् । मष्टो पुजक(शिव शक्तिका भक्त)हरु आफूलाई तान्त्रिक भन्छन् । यो विधि उनीहरु बिमारीमा पनि प्रयोग गर्छन् र बिमारीलाई निको बनाउँछन् । निको बनाउने मात्र होइन, अस्पताल नभएका ती ठाउँमा रोगसँग जुध्न सिकाउने उनै धामीहरु नै छन् । साधनाले सिद्ध भिक्षुहरुले खाली खुट्टा आगोमा हिंड्ने अभ्यास गरेका विहारहरुमा आज पनि देख्नुभएकै होला । तन्त्रको विद्यातन्त्र र अविद्यातन्त्र गरेर १२ विधिमध्ये बिरामीको उपचार एउटा पाटो हो ( तन्त्र चर्चा, रुद्रलक्ष्मी जोशी पृष्ठ ८७) ।

हजारौंहजार वर्षदेखि यस ज्ञानले हिंडेको यस क्षेत्रमा तन्त्र विद्यामा सिद्धि प्राप्त गरेकाहरुले सम्मोहन पद्धतिको गलत प्रयोग गरेको पनि पाइन्छ । १९औं शताब्दीको मध्यतिर पश्चिमा समाजले तन्त्र विद्या भर्खर भर्खर भित्र्याएको थियो । त्यसबेला अमेरिकाको एक विद्यालयमा एउटा घटना घट्यो । सम्मोहन पढिरहेका चार जना केटा मिलेर एक जना साथीलाई सुताएर सम्मोहित गरे र म मरें, म मरें भनेर दोहोऱ्याउन लगाए । भयो के भने ती युवक साँच्चै मरे । यो घटनालगत्तै सन् १९५२ मा अमेरिकामा हिप्नोटिजमविरुद्धको पहिलो कानून बनाइएको थियो । जसलाई हिप्नोटिजम एक्ट १९५२ मा गएर हेर्न सकिन्छ । पश्चिमा देशहरुमा उन्नाइसौं शताब्दीमा सम्मोहन विधि निकै चर्चामा आयो । इमायल कुवे (सन् १८५७-१९२६) ले यो विधि प्रयोग गरेर हजारौंहजारको रोग सन्चो बनाए । उनले रोगीलाई योग तन्द्रा(हिप्नोटाइज गरेर)मा लगेर हजार पटक म सन्चो छु भन्ने शब्द मन्त्रको रुपमा पुनरोक्ति गर्न ( दोहोऱ्याउन) लगाउँथे । यसरी तन्द्रामा सन्चो छु भन्दा उसको अवचेतन मनले यो विचारलाई तीनै शरीरमा सञ्चार गर्दथ्यो र बिमारी सञ्चो भएर उठ्थ्यो । जसको चर्चा संसारले गऱ्यो । तर, हाम्रोमा समाज विकासको सुरुमा शाक्त परम्परादेखि नै कायम सम्मोहन पद्धतिलाई हामीले चाहिँ रुढीको पगरी लगाइदियौं । अंग्रेजी शब्दमा सबैथोकको समाधान भएको देख्यौं । हामी अरुलाई पनि त्यही देखाउन आज पनि उद्यत छौं ।

यी भए अर्को मान्छेले हिप्नोटाइज या सम्मोहन गरिदिएर उपचार हुने कुरा । अझ हाम्रा संस्कृतिहरु त झनै स्व-सम्मोहित ( सेल्फ हिप्नोटाइज) हुने खालका छन् । बिहान ब्रह्म मुहुर्तमा उठ्ने, नबोली शरीर सफा गर्ने, जप या मन्त्र उच्चारण गरेर पराभौतिक शक्तिमा ध्यान केन्द्रित गर्ने, सबै कृत्यलाई योग तन्द्रामा लैजाने अर्थात् सेल्फ हिप्नोटाइज गर्ने हाम्रो संस्कृति हो । जुन हाम्रो अवचेतन मनलाई जागृत गराउने गहिरो प्रक्रिया हो । जसले गलत काम नगर्न, जस्ता काम पनि सम्पन्न गर्न शारीरिक, मानसिक र ऊर्जा शरीरलाई पूर्ण जागृत गराएर काम गर्ने गर्छन् । यस्ता योगतन्द्राबाट मूलाधार चक्र, स्वाधीष्ठान चक्र, मणिपुर चक्र, अनाहद चक्र, विशुद्धि चक्र, आज्ञा चक्र, सहस्रधार चक्र (ब्रह्मारेन्द्र) सक्रिय हुँदै हामी तन्त्र या त्यस समयातीत अवस्थामा पुग्छौं (अथर्व वेद, अध्याय १०, २-३१) ।

अनि हाम्रा धामीलाई नै जेल हाल्ने हाम्रो समाज पनि आज हिप्नोटाइजरकोमा जान कुनै रोकटोक छैन । त्यसैले हजारौं रुपैयाँ खर्चेर हिप्नोटिजममा जोडिनेको लर्को छ । हिप्नोटाइज विधिबाट सञ्चो भएँ भनेको एक नेपालीको भिडियो हिजोमात्र हेर्दै थिएँ । खासमा समस्या प्रक्रियामा होइन हामीलाई संस्कृत र नेपाली शब्दमा छ । हाम्रा धामीले गर्ने उही काम रुढी र अशिक्षित लाग्ने र धामीलाई जेलमा पुऱ्याउने हामीहरु आज अंग्रेजी शब्द हिप्नोटाइज आइसक्दा रोग निको हुने केन्द्रको रुपमा लिएर त्यतै आकर्षित छौं । त्यस्तै घृणामा परे लामो बोधपछि तयार भएका हाम्रा अघोरी, नाथ, वैरागी, सन्यासी, साधु, गोर्खाली जस्ता शब्दहरु । तन्त्रका साथमा जोडिएर आउने यस्ता शब्दका अर्थ के थिए र यिनलाई हामीले के बनायौं ? त्यो पनि हेरौं ।

अघोरी, जो काम नलाग्ने मान्छेलाई भन्ने शब्दको रुपमा प्रयोग गरिन्छ । अघोरी भनेको घोरको विपरीतार्थक शब्द भएकाले यहाँ पहिला घोरको अर्थ बुझौं । घोर भनेको सुन्दैमा डरलाग्दो अति या भयंकर (आवाज, वर्षा, निन्द्रा, अपराध)या हद नाघेर केही कुरा हुनु घोर हो (नेपाली बृहत् शब्दकोश, प्रज्ञा प्रतिष्ठान) । अनि अघोर त्यसैको विपरीत- सबैभन्दा सरल, साधु अवस्थालाई जनाउँछ । प्रज्ञा प्रतिष्ठानको शब्दकोषमा यसको अर्थ उल्टो लेखिएको कुरा पनि यहाँ जानकारी गराउँछु । खासमा बुद्ध, अष्टावक्र, गार्गी अघोरी हुन् । तर हामीले त अघोरी शब्दको अर्थ नै नराम्रो अर्थमा प्रयोग गर्ने भयौं । अर्को त्यसैगरी बिगारिएको शब्द हो वैरागी । खासमा वैरागीको अर्थ हो समभावमा आइपुगेको एउटा ज्ञात व्यक्ति, जसमा कुनै राग (देखाउने कुनै चाह) बाँकी छैन । सामान्य सिपाहीलाई देखे पनि, प्रधानमन्त्रीको कुर्सीमा बसेको मान्छेलाई देखे पनि उसमा आउने भाव एकै हुन्छ । छुद्र मानोकांक्षाविनाको मान्छे, त्यस्तो एक द्रष्टा वैरागी हो । तर, समाजमा त मेरो छोरो त वैरागी भो, यसलाई कसरी सुधार्ने होला, त्यस्तो वैरागीलाई किन छोरी दिएको ? त्यस्तो वैरागीको संगत नगर है, भनेको सुनिन्छ । हामी शब्दको कति गलत प्रयोग गरिरहेका छौं भन्ने यसबाट देखिन्छ । त्यस्तै एकदमै हियाएर गोर्खे पारा र नाथे भनिन्छ । गोरख र नाथ गोरखनाथसँग जोडिएर आएका शब्द हुन् । गोरखनाथ शिवका नजिकका शिष्य, एक सिद्ध योगी थिए ।

आज नेपालीलाई गोर्खाली भनेर चिनिनुको कारण पनि त्यही साधनाले सम्मोहित भएको हाम्रो चेतकै कारण नै हो । जसले बारुद बमको अगाडि पनि म जित्छु भन्ने हिम्मत लिएर एउटा खुकुरी लिएर हजारौंलाई काटेर आउँथे । एउटा बीजमा लुकेको रुख जसरी प्रकृतिको तालमेलमा रह्यो भने रुख बनेर बाहिर आउँछ त्यसरी मान्छेमा रहेको प्रकृतिको शक्ति जसलाई साधना र मन्त्रको पुनरोक्तिमा बाहिर ल्याउन सकिन्छ । यसैका लागि परापूर्व कालदेखि नै मन्त्रोच्चारण, यसको पुनरोक्ति र योगासनलाई साधनका रुपमा अपनाइएको हो । यही कुरा हामीलाई वाहियात लागिरहँदा पश्चिममा डेल कार्नेगी, नेपोलियन हिल, रण्डा वर्न, जोशेफ मर्फी जस्ता लेखकहरुले पुनरोक्तिलाई जोड दिएर लेखिएका 'पावर अफ सव कन्सस माइण्ड', 'थिङ्क एण्ड ग्रो रिच', 'पावर अफ पोजेटिभ थिङ्किङ', 'द सिक्रेट' जस्ता पुस्तकहरु धेरै रुचाइए । ती पुस्तकको आशय एउटै छ कि हजार पटक दोहोऱ्याएर सकारात्मक कुरा अन्तरमनमा पठाउँ र त्यसलाई सिद्ध पारौं । हामीले बिहान गर्ने जप ध्यान नै यी पुस्तकहरुले व्यक्त गरेका आशय हुन् । तर, हामी हाम्रा अभ्यासलाई रुढी र पछौटे भनाउन व्यस्त छौं । फरक के छ भने यता संस्कृत, नेपाली या हिन्दी भाषामा छन्, उता अंग्रेजीमा । हामी संस्कृत, नेपाली र हिन्दीमा छापिएका हाम्रा प्राचीन अभ्यासलाई रुढी भन्छौं र पश्चिमाले अंग्रेजीमा छापेर गरेको त्यसैको नक्कललाई वैज्ञानिक ।

हाम्रा ऋषिमुनिहरुले चेतन मनले गर्न नसक्ने काम अवचेतन मनको निर्देशनमा गर्नसक्छ भनेर मन्त्र बनाएर स्वसम्मोहन ( सेल्फ हिप्नोटाइज) मार्फत मान्छेलाई अब्बल बनाउन अभिप्रेरित गरिरहे । त्यसैका उपज हुन् हाम्रा अधिकांश संस्कृतिहरु । जुन कुरालाई समग्र भाषामा अध्यात्म (तन्त्र) भनियो । तर, जति पछि आयो मन्त्र सबैलाई सुनाउनै हुँदैन भन्दै गोप्य राख्दाराख्दै ती छोपिँदै गए । आज हामी हाम्रा पुर्खाहरुले तन्त्रबाट कल्पनातीत काम गरेको पढ्दै यन्त्रको चमत्कार पर्खेर बसिरहेका छौं ।

*नेपालप्रेसबाट साभार।*

## नयाँ.......................

डोका र भकारी बेच्न पुतलीखेतहुँदै बुटवल पुग्ने सूर्यबहादुर फर्किंदा घर खर्च खाद्यान्न, नुन र तेल लिएर फर्किन्थे । अहिले पनि उनको हातको सीप रोकिएको छैन् । अहिले तयार हुने सामाग्री गाउँमै बिक्री हुन्छन् ।

दमेकका सूर्यबहादुर पुन पनि सीप हस्तान्तरण नभएकोमा दु:खी हुनुहुन्छ । उहाँका छोरा पनि वैदेशिक रोजगारीमा हुनुहुन्छ । युवा पुस्तामा सीप हस्तान्तरण नहुँदा गाउँमा घरायसी प्रयोजनका लागि चाहिने चोयाको सामाग्रीको ठाउँ बजारमा पाईने प्लाष्टिकका सामाग्रीले ओगटेको छ भने निगालो, बाँस खेर गैरहेका छन् ।

## पानीका.................

जगाउन धेरै गरे, अहिले सबै मास्नेमा ध्यान छ ।'

काठेखोला गाउँपालिका परम्परागत पोखरी संरक्षणमा जुटेको गाउँ कार्यपालिका सदस्य तथा प्रवक्ता टिका संगम विकले बताउनुभयो । चालु आर्थिक बर्षमा वडा-४ तग्राममा रहेका पोखरीहरुको संरक्षण गर्न सुरु गरेको भन्दै आगामी वर्षदेखि सबै वडामा संकटमा रहेका पोखरीहरु पुनर्निमाण गर्ने बताउनुभयो । गाउँपालिकाले यस वर्ष तंग्रामको तापखोर र परम्दीमा रहेका पोखरी संरक्षणका लागि ३० लाख विनियोजन गरेको थियो । गाउँपालिका स्थापना पछि सडक निर्माण गर्दा पोखरी, कुवा तथा चौताराहरु जोगाएको विकको दावी छ । धेरै गाउँहरुमा अहिले सडक पुगेको र केही गाउँमा मौलिक सम्पदामा क्षति पुगेको भन्दै अब नयाँ संरचना गर्दा ध्यान दिने उहाँको भनाई छ ।

## नुनको...................

काम गर्ने श्रमजीवीहरूको जीवनचर्या, विविध घटना र प्रसङ्गबाट युगीन यथार्थ प्रस्तुत भएको छ । वयस्कहरूमा जातपातबारे केही सङ्कीर्ण विचार भएता पनि युवामा त्यो छैन भय, त्रास, करुणाजन्य परिस्थितिहरूको वर्णनले तत्कालीन दार्जिलिङको परिवेशभित्रका वस्तुस्थितिलाई समेटेको छ । तथ्यात्मक स्थान र घटनाहरूको प्रस्तुतिले उपन्यासलाई विश्वसनीयता प्रदान गरेको छ ।

*साहित्यपोष्टबाट साभार ।*

## श्री मेहर................

मिडफिल्डर, जोन उत्कृष्ट डिफेन्डर, श्री मेहर गणका विप्लप गुरुङ उत्कृष्ट गोलरक्षक बन्दै पुरस्कार प्राप्त गरे ।

यस्तै प्रतियोगितामा ५ गोल गरेका चिल्ड्रेन लाईफ स्पोर्ट्स क्लबका जोन ग्लोरी सर्वाधिक गोलकर्ता बनेभने कालिपुल युनाइटेड क्लब बेनीले अनुशासित टिमको उपाधि जित्यो । यस्तै क्वाटरफाइनल खेलमा भीमापोखरा खेलकुद विकास समिति विरुद्ध श्री मेहर गणका विकास मगरले गरेको गोल प्रतियोगिताकै सर्वोत्कृष्ट गोल बन्दै पुरस्कार प्राप्त गरे । प्रतियोगिताका विजेता टिम र खेलाडीहरुलाई बागलुङ नगरपालिकाका नगरप्रमुख बसन्त कुमार श्रेष्ठ, बागलुङका प्रमुख जिल्ला अधिकारी रोशनी कुमारी श्रेष्ठ लगायतले पुरस्कार वितरण गरेका थिए । प्रतियोगितामा साविकको धौलागिरी अञ्चलका चार जिल्ला ( बागलुङ, पर्वत, म्याग्दी र मुस्ताङ)का ११ टिमको सहभागिता रहेको थियो ।

## नेपाल....................

रन खर्चेर सर्वाधिक ४ विकेट लिए । सन्दीप लामिछानेले १० ओभरमा २ मेडनसहित ३४ रन खर्चेर २ विकेट लिए । करण केसीले ७ ओभरमा १ मेडनसहित २६ रन खर्चेर २ विकेट लिए । सोमपाल कामी र गुलशन झाले सामान एक विकेट लिए ।

एसिया कप आगामी सेप्टेम्बरमा पाकिस्तानमा हुनेछ । समूह ए मा नेपाल र पाकिस्तान हुनेछन् । समूह बी मा बंगलादेश, श्रीलंका र अफगानिस्तान छन् ।

## महिला विरुद्धको हिंसा

- महिला विरुद्धको हिंसा भनेको महिला विरुद्ध हुने शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै पनि किसिमको यातना, भेदभाव वा दुर्व्यवहार हो ।
- कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना दिने कार्य घरेलु हिंसा हो ।
- घरेलु हिंसा गर्ने व्यक्तिलाई ३ हजारदेखि २५ हजार रुपैयाँसम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुन्छ । पुन: सोही कसूर गर्नेलाई पटकैपिच्छे दोब्बर सजाय हुन्छ । तसर्थ घरेलु हिंसा हुने कुनै पनि काम नगरौं/नगराऔं । सभ्य समाजको निर्माणमा अग्रसर होऔं ।

गण्डकी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
पोखरा, नेपाल
फोन नं.: ०६१-४६७७३२/४६७७३३

## गर्मी मौसममा संक्रामक रोगबाट बचौं र बचाऔं

- गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरू फैलिन सक्दछन ।
- संक्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं ।
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खाना नखाऔं,
- घर भित्र र वरपरको सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड